म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६६/०७०

वर्ष:१७ अङ्क:- १७५ २०८३ जेठ ५ गते मंगलबार 19 May 2026, Tuesday पृष्ठ ४ मूल्य रू. ५/-

**अवैध चोरी निकासी नियन्त्रण गरौं**

- गैरकानुनी रुपमा सामान देश बाहिर लैजाने/ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात–निर्यात गरौं,
- कर छली र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

# चेपाङका लागि ३९ घर बनाउँदै बागमती सरकार

समाज संवाददाता

हेटौंडा: चितवनको माडी-७ की अस्मिता प्रजा भर्खर २४ वर्ष पुग्नुभयो । सामान्य लेखपढ गर्न जान्नुभएकी उहाँ ३ बच्चाकी आम हुनुहुन्छ । माडी-७, परेवी खोला किनारमा कत्तरले बारेको घरमा बस्दै आउनुभएकी उहाँको काखमा ७ महिने दुधे बालक छ भने ५ वर्षको ठूलो छोरा र ३ वर्षकी एक छोरी हुर्काउनु उहाँको दैनिकी हो ।

अस्मिताका श्रीमान ज्यामी काम गर्नुहुन्छ । माडीको कुसुम खोलाबाट चितवन राष्ट्रिय निकुञ्जले उहाँहरुको बस्ती नै उठाएपछि विस्थापित भएर त्यहाँ आउनुभएको थियो । उहाँहरुसँग न बस्न घर छ, न खेतीपातीका लागि जमिन । बगरमा बाँध बनाएर नदी उकास जमिनमा कत्तरले बारेको घरमा उहाँहरुको जीविका चल्दै आएको छ ।

अस्मिताजस्तै परेवी खोला किनारमा ५० बढी परिवार बस्दै आएका छन् । अधिकांश चेपाङ समुदाय रहेको उक्त गाउँमा मगर तथा तामाङ समुदाय केही मात्रामा रहेका छन् । कुसुम खोलाबाट निकुञ्जले खेदेपछि विस्थापित भएर आएका ती सबै परिवारलाई माडी नगरपालिकाले परेवी खोलाको नदी उकास जमिनामा बस्नयोग्य जमिन तयार गरिदिएको छ। तर, उनीहरुसँग बस्नयोग्य घर छैन ।

छाप्रोजस्ता घरलाई काँश र खरले छाएर बस्दै आएका उनीहरुलाई बागमती प्रदेश सरकारले पक्की घर बनाइदिने भएको छ । उनीहरुसँग १२ महिना अन्न पुग्ने खेतबारी छैन भने दैनिक ज्याला मजदुरी, परम्परागत चलिआएको गिट्टा



*माडीको चेपाङ बस्ती । यहाँ प्रदेश सरकारले पक्की घर निर्माण गरेर हस्तान्तरण गर्ने योजना कार्यान्वयन गर्दैछ ।*

भ्याकुरहरुबाट आफ्नो जीवनयापन गर्ने गरेका छन् । सिमान्तकृत, गरिब, आर्थिक रुपले विपन्नहरुका लागि सुरक्षित आवास निर्माण गर्न अनुदान रकम उपलब्ध गराउँदै आएको प्रदेश सरकारले एकीकृत बस्ती विकास कार्यक्रम अन्तर्गत माडीका ३९ परिवारलाई घर बनाइदिने भएको हो ।

प्रदेश सरकारले चितवनको माडीमा छरिएर रहेका चेपाङ समुदायलाई एउटै स्थानमा एकीकृत बस्तीको अवधारणाअनुरुप ३९ वटा घर यसै आर्थिक वर्षमा निर्माण सम्पन्न गर्ने तयारी गरेको शहरी विकास तथा भवन कार्यालय मकवानपुरका प्रमुख सिडिई भुपेन्द्र यादवले बताउनुभयो । वर्षायाममा चुहिने, कच्ची घेराबारा गरेर गुजारा गर्दै आएका उनीहरुका लागि प्रदेश सरकारले घर निर्माणको तयारी गरेको उहाँले बताउनुभयो ।

बागमती प्रदेशको चितवन र मकवानपुर जिल्लामा जनता आवास तथा चेपाङ, वनकरिया, माझी, बोटे समुदायहरुका लागि २ वटा कार्यक्रम अन्तर्गत आवास निर्माणको काम गर्दै आएको उहाँले बताउनुभयो । प्रदेश सरकारले सिमान्तकृत चेपाङ, बनकरिया, माझी, बोटेलगायत एकल महिलाहरुका लागि आवासगृह निर्माण गर्ने गरेको प्रमुख यादवले जानकारी दिनुभयो । उहाँका अनुसार सिमान्तकृत समुदायहरुको अझै पनि शिक्षा, स्वास्थ्यप्रतिको चेतना स्तर कमजोर रहेको र बाल विवाह, कुरीति, अन्धविश्वासमा जकेडिएकाले राज्यको मूलधारमा ल्याउन आवास विकास कार्यक्रम सञ्चालन गरिएको हो ।

स्थानीय सरकारको सिफारिस र छनोटलाई मूल आधार बनाएर प्रदेश सरकारले आवासगृह निर्माणको प्रक्रिया अघि बढाउने गरेको उहाँको भनाइ छ । हालसम्म ३८ करोड ४३ लाख रुपैयाँ खर्च गरिसकेको प्रदेश सरकारले प्रतिपरिवार ४ लाख रुपैयाँ उपलब्ध गराउने गरेको छ भने घरप्रतिको अपनत्वका लागि लाभग्राहीले श्रमदानसमेत गर्ने गरेको उहाँले बताउनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७९/८० मा प्रदेश सरकारले मकवानपुरमा २ सय ७९ र चितवनमा २ सय २४ वटा घर निर्माण सम्पन्न गरी हस्तान्तरणसमेत गरिसकेको छ । यसका लागि प्रदेश सरकारले २० करोड १२ लाख रुपैयाँ खर्च गरेको छ भने चालु आर्थिक वर्षमा थप ९४ वटा घर निर्माणको चरण रहेको छ । यस आर्थिक वर्षमा थप १ सय ५ घर निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको उहाँले बताउनुभयो । हालसम्म आवास निर्माणबापत ३८ करोड ४३ लाख रुपैयाँ खर्च गरिसकेको उहाँले बताउनुभयो ।

चेपाङ समुदायको आर्थिक, सामाजिक, शैक्षिक विकास गर्न सके सिङ्गो समुदाय नै देश विकासको बाटोमा आउने विश्वासका साथ एकीकृत बस्तीका रुपमा विकास गर्ने लक्ष्य रहेको माडी नगरपालिकाकी नगर प्रमुख ताराकुमारी काजी महतोले बताउनुभयो । चेपाङ समुदायको विकास र उत्थानका लागि माडी नगरपालिकाले विभिन्न कार्यक्रमहरु सञ्चालन गरेको उहाँको भनाइ छ ।

समस्याका बिचबाट गुज्रिरहेको चेपाङ समुदायका नागरिकहरुलाई शिक्षा, स्वास्थ्यसहित आयआर्जनको बाटोमा पनि अघि बढाउने गरी रोजगारमूलक सीप तथा कार्यक्रमहरु सञ्चालन गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार वनबाट निकालेर आम

बाँकी पृष्ठ ३ मा...






## सम्पादकीय

# मूल्यसूचीमा कडाइ आवश्यक

बजारमा वस्तुको मूल्यमा पारदर्शिता कायम गरी उपभोक्ताको हित संरक्षण गर्न सरकारले गत बैशाख २८ गतेदेखि जेठ ३ गतेसम्म "मूल्य पारदर्शिता सप्ताह" मनाएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले उपभोक्ता संरक्षण ऐन, २०७५ मा भएको व्यवस्थाबमोजिम बजारमा वस्तुको मूल्यमा पारदर्शिता कायम गर्ने उद्देश्यले यो अभियान सञ्चालन गरिएको हो । सरकारले स्वदेशमा उत्पादन भएका र विदेशबाट आयात गरिएका सबै प्रकारका वस्तुहरुमा अधिकतम खुद्रा बिक्री मूल्य राख्न र लेबलिङ गर्न कडाइ गरिरहेको सन्दर्भमा मूल्य पारदर्शिता सप्ताह मनाउनुले बजारको नियमनमा सरकार गम्भीर बनेको अनुमान गर्न सकिन्छ । बजारमा स्वच्छ प्रतिस्पर्धा कायम गर्न र उपभोक्तालाई ठगिने सम्भावना कम गर्न अभियान चालिएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले जानकारी दिएको छ । मूल्य पारदर्शिता सप्ताहलाई सफल बनाउन निजी क्षेत्र र सम्बन्धित सबै निकायहरूलाई अपिल गरेको विभागले अभियान सकिएपछि पनि बजारलाई व्यवस्थित बनाउन विशेष सक्रियता देखाउने जनाएको छ ।

मूल्य पारदर्शिता सप्ताहको अन्तिम दिन आइतबार आन्तरिक राजस्व कार्यालय हेटौंडाको आयोजनामा अन्तरक्रिया कार्यक्रम गरिएको छ । मूल्यसूची र बिल-बिजकसम्बन्धी साना तथा लघु उद्यमीहरुसँगको अन्तरक्रियामा कार्यालयका करअधिकृत ध्रुवसिंह घलानले व्यवसायीहरुले हरेक सामग्रीहरुको अनिवार्य अधिकतम खुद्रा मूल्य कायम गरेर बेच्ने र खुद्रा मूल्य राख्न सम्भव नहुने तथा खुलारुपमा बेच्नुपर्ने सामग्रीहरुको अनिवार्य दैनिक मूल्यसूची राख्नुपर्ने बताएका छन् । सोही कार्यक्रममा मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले प्रशासनले नियमितरुपमा मूल्यसूची तथा एमआरपीमा आधारित भएर सामान बेचे-नबेचेको अनुगमन गर्ने बताए । अनुगमनमा कैफियत पाएमा कानुनबमोजिम कारबाही हुनेसमेत उनले स्पष्ट पारे । अन्तरक्रियामा उद्योग तथा वाणिज्य कार्यालय मकवानपुर, उपभोक्ता हित संरक्षण मञ्च, मकवानपुर उद्योग वाणिज्य संघ एवम् उद्योग संघ मकवानपुरका प्रतिनिधिहरुको उपस्थिति थियो ।

बजारमा हुने बेथितिलाई नियमन गर्न र उपभोक्ताको हित संरक्षण गर्न सरकारले थुप्रै कानुनी तथा नीतिगत व्यवस्था गरे पनि नेपाली बजार उपभोक्ताका लागि प्रतिकूल बनिरहेको छ । बजारमा अधिकांश वस्तुको प्रभावकारी मूल्य निर्धारण नहुँदा र व्यवसायीले मूल्यसूची नराख्दा उपभोक्ताहरु महङ्गीको मारमा पर्ने गरेका छन् । सरकारले निर्धारण गर्ने कर, भन्सार, अन्तशुल्कको दरमा वृद्धि हुँदा, कच्चापदार्थको मूल्यवृद्धि हुँदा, श्रमिकहरुको ज्याला वृद्धि हुँदा, इन्धनको मूल्यवृद्धि हुँदा लागत वृद्धि भई मूल्यवृद्धि हुनु स्वभाविक हो । बन्द, हड्ताल, युद्ध, महामारीजस्ता असामान्य परिस्थितिका कारण उत्पादन घट्दा र मागअनुरुपको आपूर्ति नहुँदा पनि केही समयका लागि मूल्यवृद्धि हुनसक्छ । तर, कार्टेलिङ, सिण्डिकेट, मिलेमतो गर्ने र विषम परिस्थितिको समयमा बढी नाफा लिन अस्वभाविक मूल्यवृद्धि गर्ने प्रवृत्ति नेपाली बजारको विशेषता बनिरहेको छ ।

नियमनकारी सरकारी निकाय निस्क्रिय बनिदिँदा बजारमा थुप्रै प्रकारका बेथिति र अनियमितता मौलाउने मौका पाउँछ । बजारमा हुने मूल्यवृद्धि र अन्य बेथिति नियन्त्रणमा नियमनकारी निकाय चनाखो बन्नुपर्छ । सरकारले लागू गरेको नियम, कानुनको पालना गराउन नियमित बजार अनुगमन र कारबाही प्रक्रियालाई प्रभावकारी बनाउनुपर्छ । आवश्यक परेमा सरकारले हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्छ । मूल्य पारदर्शिता सप्ताह मनाएरमात्र समस्या समाधान हुँदैन । कम्तिमा पनि सरकारले कार्यान्वनयमा ल्याएको एमआरपी एमआरपी लागू गर्न र मूल्यसूची अद्यावधिक गराउन सकेमा उपभोक्ताले निकै राहत पाउने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : मनमा दोधारको स्थिति आउन सक्छ । |
| वृष | : आत्मबल र हिम्मत बढ्ने समय योग छ । |
| मिथुन | : जीवनसाथीसँग रोमान्टिक समय बित्ला । |
| कर्कट | : हौसला र प्रतिष्ठामा वृद्धि हुने समय छ । |
| सिंह | : हाँके/ताकेका काममा सफलता प्राप्ति हुनेछ । |
| कन्या | : लगनशीलता र संघर्षले सफलता प्राप्त गर्ने योग छ । |
| तुला | : ठूलाबडाको सल्लाहमा गरिएको कामले सफलता मिल्ला । |
| वृश्चिक | : लक्ष्य प्राप्तितर्फ उन्मुख भइने समय योग देखिन्छ । |
| धनु | : प्रतिष्ठामा बढोत्तरी हुने समय योग छ । |
| मकर | : परोपकारी र दानपूण्यका काममा मन बढ्ने योग छ । |
| कुम्भ | : कलात्मक विषयमा रुची जाग्ने योग छ । |
| मीन | : आकस्मिक लाभ प्राप्त हुने समय योग छ । |

# औद्योगिक पूर्वाधार विकास पुनर्संरचना र लगानी प्राथमिकीकरण

नेपालमा उद्योग स्थापनाको इतिहास धेरै लामो छैन । सन् १८८२ मा उद्योग परिषद् स्थापना चन्द्रशमशेरको पालामा भए तापनि उनको शासन अवधिमा नेपालमा ब्रिटिस सरकारको लगानीमा स्थापना हुन खोजेको ग्लास उद्योगले अनुमति नपाएकोसम्म इतिहास देखिन्छ । यद्यपि लघु, घरेलु तथा हाते उद्योग लिच्छवीकालदेखि नै विकास भएका थिए । विक्रम सम्वत् २० को दशकमा विश्वव्यापी अर्थतन्त्रमा सोभियत संघ र अमेरिकी नेतृत्व देखापरेपछि सोभियत संघको समाजवादी मोडेलमा अघि बढेका देशहरूको लगानीमा नेपालमा पनि सार्वजनिक संस्थान स्थापनाको लहर सुरु भयो । जस अनुसार २०४६ साल अघिसम्म नेपालमा कुल ६४ वटा सार्वजनिक संस्थानमध्ये ४० वटा औद्योगिक क्षेत्र अन्तर्गत थिए । यसै समयमा नै नेपालमा निजी लगानीबाहेक सरकारी लगानीमा उद्योगहरू स्थापना भएका थिए । साथै, असंगठित रूपमा रहेको निजी क्षेत्रलाई व्यावसायिक रूपमा उद्योग क्षेत्रमा लगानी आकर्षित गर्न ११ वटा औद्योगिक क्षेत्र पनि स्थापना भए ।

मुलुकमा उद्योगधन्दा स्थापना गर्ने उद्देश्य सहित भारतको सीमा क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना भएका देखिन्छन् । उद्योगका लागि चाहिने कच्चापदार्थ भारतबाट ल्याउन, उत्पादन गर्न र बिक्री गर्न सजिलो होस् भनेर सीमा क्षेत्रमा तत्कालीन चार विकास क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना भएका देखिन्छन् । २०१९ सालमा अमेरिकी सरकारको लगानीमा औद्योगिक क्षेत्र निर्माण सुरु भएपछि २०४४ सालमा भारत सरकारको लगानीमा गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्र निर्माण भएपछि नेपालमा औद्योगिक क्षेत्र स्थापना भएको छैन ।

निजी उद्योग एकीकृत रूपमा भौतिक पूर्वाधार सुविधा दिई उद्योग प्रवर्द्धन गर्ने, आयात प्रतिस्थापन गर्ने, निर्यात वृद्धि, स्थानीय सिप र साधन परिचालन, रोजगारी सिर्जना गर्दै उद्योग प्रवर्द्धन एवं विकासमा योगदान पुऱ्याउने उद्देश्यले स्थापना गरिएका औद्योगिक क्षेत्रलाई २०४५ सालमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका रूपमा कम्पनी मोडेलमा सञ्चालन गर्ने गरी कानुनी प्रबन्ध गरिएपछि सरकारको नयाँ औद्योगिक क्षेत्र स्थापना तथा साविकका औद्योगिक क्षेत्र स्तरोन्नति गर्ने सम्बन्धमा त्यति महत्व दिइएको देखिँदैन ।

तथापि, २०७२ देखि २०७५ सालसम्म एक प्रदेश एक औद्योगिक क्षेत्र स्थापना गर्ने नीति अनुसार सात वटा औद्योगिक क्षेत्र घोषणासम्म भएका छन् । ती औद्योगिक क्षेत्र पनि स्थानीय र वनसँगको समस्याका कारण अघि बढ्न सकेका छैनन् र समस्या समाधानका लागि केन्द्रीय स्तरबाट पहलको कमीको कारण समस्या यथावत नै छन् ।

तर, सरकारले नेपालको साविकको औद्योगिक नीति २०४९ र औद्योगिक व्यवसाय ऐन २०४९ ले आत्मसात गरे अनुसार २०६५/६६ देखि नेपालमा सेज स्थापनाको योजना अघि बढाएको थियो । विश्वमा विशेष आर्थिक क्षेत्र सन् १९३२ मा अमेरिकाको न्युयोर्कमा 'फ्रि ट्रेड जोन' का रूपमा स्थापना भई सुरु भए तापनि नेपालमा यो अवधारणा पनि निकै ढिलो सुरु भएको देखिन्छ । त्यसपछि नेपालमा विशेष आर्थिक क्षेत्र प्राधिकरण अन्तर्गत २ वटा सेज सञ्चालनमा छन् भने १८ वटा प्रस्तावित सेजमध्ये २ वटा बाहेक अन्यमा कुनै प्रगति भएको देखिन्न । यद्यपि, २०४४ सालसम्म स्थापना भएका औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड अन्तर्गत सञ्चालित औद्योगिक क्षेत्र पनि कुनै न कुनै हिसाबले विशेष आर्थिक क्षेत्रको अवधारणासँग मेल खाएको देखिन्छ ।

औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रले एकीकृत रूपमा सेवा प्रदान गर्न पूर्वाधार निर्माण गरे झैं २०७२ सालपछि एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना गर्ने उद्देश्यले ७ सय ५३ स्थानीय तहमध्ये १ सय २० औद्योगिक ग्राम घोषणा भएका छन् । तीमध्ये ४ वटा मात्र आंशिक सञ्चालनमा छन् । यी औद्योगिक ग्राममा हालसम्म सरकारको करिब डेढ अर्ब रुपैयाँ खर्च भइसकेको देखिन्छ । यसबाहेक सरकारले निजी उद्योगमा पुग्न पहुँचमार्ग निर्माण तथा विद्युत् प्रसारण लाइन निर्माणमा पनि बजेट विनियोजन गर्ने गरेको छ । यसरी गरिएको लगानीको हालसम्मको रकम र त्यसको प्रतिफल सम्बन्धी एकीकृत जानकारी पनि सायदै भेटिन्छ ।

इतिहासदेखि वर्तमानसम्म हेर्दा नेपालमा सरकारका तर्फबाट उद्योग प्रवर्द्धन गर्न तथा असंगठित निजी क्षेत्रलाई एकीकृत संरचनामा सञ्चालन गर्न/गराउन तथा असंगठित रूपमै पनि सरकारका तर्फबाट उद्योगलाई राहत उपलब्ध गराउन खोजिएको देखिन्छ । तथापि, २०४४ सालसम्म स्थापना भएका औद्योगिक क्षेत्रबाहेक अन्य लगानीबाट सरकारले यथेष्ठ प्रतिफल लिन नसकेको देखिएको छ । छरिएर गरिएको लगानी, लगानीमा प्राथमिकीरण र सरकारले औद्योगिक पूर्वाधारमा पुनर्संरचना गरी विश्वव्यापी अवधारणा मध्यनजर गरी पूर्वाधार निर्माण गर्नु नै अबको विकल्प देखिन्छ ।




### औद्योगिक पूर्वाधार विकासमा पुनर्संरचना

विगतदेखि वर्तमान हेर्दा नेपालमा औद्योगिक पूर्वाधार सरकारी तहबाट र निजी क्षेत्रबाट निर्माण भइरहेका छन् । पूर्णरूपमा सरकारी तहबाट पूर्वाधार निर्माण भई सरकारी तहबाटै सञ्चालन हुने औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्राम छन् भने निजी क्षेत्रबाट निर्माण हुने पूर्वाधारसम्म पहुँच सडक र विद्युत् प्रसारण सरकारी क्षेत्रको लगानमा निर्माण भइरहेका छन् । यसमध्ये सरकारका तर्फबाट निर्माण र सञ्चालन हुने पूर्वाधारतर्फ हेर्ने हो भने सरकारले गरेको लगानी र अपेक्षित प्रतिफल प्राप्त भएको देखिन्न । यसको कारण खोजी हुनपर्नेमा हामी निरन्तर लगानी बढाउँदै गइरहेका छौं तर समीक्षा गरिरहेका छैनौं ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड अन्तर्गत १० औद्योगिक क्षेत्र सञ्चालनमा छन् । तीमध्ये सप्तरीस्थित गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्रबाहेक सबै पूर्ण क्षमतामा चलिरहेका छन् भने हेटौंडा, काठमाडौं उपत्यकामा रहेका औद्योगिक क्षेत्र र बुटवल जस्ता औद्योगिक क्षेत्रमा उद्योग स्थापनाका लागि अत्यधिक माग छ । यसबाहेक बाँकेमा उद्योगहरूले औद्योगिक क्षेत्रभित्र स्थान अभावका कारण बाहिर निजी जमिन खरिद गरेर उद्योग स्थापना गरिरहेका छन् । २०७२ सालपछि घोषणा भएका औद्योगिक क्षेत्र निर्माण हुन सकेका छैनन् जसमध्ये कतिपय औद्योगिक क्षेत्र माग र आवश्यकताका आधारभन्दा घोषणापछि आवश्यकता स्थापित गर्न खोजिएका छन् ।

यसमा नेपाल सरकारको माथिल्लो निकायबाट गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्रमा रहेका विद्यमान सुरक्षा र भन्सार तथा औद्योगिक पूर्वाधारसँग सम्बन्धित विषय सम्बोधन गरेर पूर्ण सञ्चालनमा ल्याउन आवश्यक छ भने अन्य घोषणा भई निर्माण हुन नसकेका औद्योगिक क्षेत्रमध्ये अनुपयुक्त स्थान घोषणा रद्द गर्ने तथा अन्य स्थानमा रहेका विद्यमान समस्या समाधान गरी औद्योगिक क्षेत्र निर्माण कार्य अघि बढाउँदा औद्योगिक क्षेत्र निर्माण कार्यले गति लिन सक्छ । यसका साथै कतिपय स्थानमा औद्योगिक क्षेत्रको आवश्यकता हुँदा पनि कुनै प्रक्रिया थालनी नभएको हुँदा ती स्थानमा सम्भाव्यता अध्ययन सहित काम अघि बढाउन सकिन्छ ।

विशेष आर्थिक क्षेत्रका हकमा हालसम्म १८ स्थानमा प्रस्ताव गरिएका छन् । तीमध्ये कतिपय स्थान पहाडी तथा हिमाली जिल्लामा पनि छन् । विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगले ३० प्रतिशत उत्पादन अनिवार्य निर्यात गर्न जरुरी छ । यस किसिमको प्रावधानबीच प्रस्ताव गरिएका हिमाली तथा पहाडी र कतिपय तराई क्षेत्रका स्थानमा सेज स्थापना गर्दा उत्पादनका लागि कच्चापदार्थ आयात तथा उत्पादित वस्तु निर्यात गर्न भन्सार तथा अन्य आयात/निर्यातका लागि आवश्यक पूर्वाधारको अवस्था पनि मध्यनजर गर्न आवश्यक छ ।

त्यस्तै विशेष आर्थिक क्षेत्र निर्यात प्रवर्द्धनका लागि स्थापना हुने भएको हुँदा यस किसिमको संरचना सीमानाका, त्यसमा पनि अन्तर्राष्ट्रिय स्तरको निर्यात गर्न सकिने स्थानमा मात्र स्थापना गरी लगानी गर्दा लगानीको उचित प्रतिफल प्राप्त हुन सक्छ । यसबाहेक ७० प्रतिशत उत्पादन स्वदेशी बजारमै खपत हुँदा त्यस्तो उत्पादनको दर अन्य औद्योगिक क्षेत्र र निजी लगानीको जमिनमा सञ्चालित उद्योगबाट उत्पादन हुने दरसँग कति मिल्दो रहन जान्छ भन्ने पनि ख्याल गर्न आवश्यक छ । यसका साथै नेपाल सरकारले एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापना गर्ने नीति अनुसार १ सय २० औद्योगिक ग्राम घोषणा गरिसकेको छ । सरकारको नीति अनुसार अझै ६ सय ३३ औद्योगिक ग्राम घोषणा हुनै बाँकी छ । घोषितमध्ये जम्मा ४ वटा त्यो पनि आंशिक सञ्चालन भइरहेको अवस्थामा ६ सय ३३ को अवस्था कस्तो रहला भन्ने अहिले नै आकलन गर्न सकिने अवस्था छैन ।

**प्रस्ताव गरिएका हिमाली तथा पहाडी र कतिपय तराई क्षेत्रका स्थानमा सेज स्थापना गर्दा उत्पादनका लागि कच्चापदार्थ आयात तथा उत्पादित वस्तु निर्यात गर्न भन्सार तथा अन्य आयात/निर्यातका लागि आवश्यक पूर्वाधारको अवस्था पनि मध्यनजर गर्न आवश्यक छ ।**

**यसरी हेर्दा नेपालको परिवेशमा जुन कुनै निकायमा स्थापना हुने उद्योग समान बजारमा प्रतिस्पर्धा गर्न सक्ने व्यवस्था छ । यद्यपि, विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगले केवल ३० प्रतिशत निर्यात गरे पुग्ने व्यवस्था छ ।**

यद्यपि, स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने, उद्यमी बनाउन उत्प्रेरणा गर्ने लगायत कार्यमा औद्योगिक ग्रामको ज्यादै महत्त्व हुन्छ । तर, नेपाल सरकारले घोषणा गर्ने र ३ करोडसम्म रकम अनुदान दिने व्यवस्था अनुसार स्थानीय सरकारले खोला किनार, जंगल आदिमा औद्योगिक ग्राम घोषणा गराइ संघीय सरकारबाट निकासा भएको रकम अनुत्पादक क्षेत्रमा खर्च गरेका कारण आज औद्योगिक ग्राम नामभन्दा बदनाम बढी हुन पुगेको छ ।

साथै, सरकारको नीति अनुसार ७ सय ५३ वटै पालिकामा उद्योग स्थापना हुने तथा आर्थिक गतिविधि सम्भावना नरहने भएका कारण औद्योगिक ग्राम एकभन्दा बढी पालिकाको पहुँच रहने स्थानमा एकभन्दा बढी पालिकाको संयुक्त लगानीमा स्थापना गर्ने वा कतिपय जिल्लामा त जिल्लामै एउटामात्र औद्योगिक ग्राम स्थापना भई सञ्चालन गर्दा पनि उपयुक्त हुन जान्छ । हाल सरकारका निकायमध्ये एकै प्रकृतिको कार्य उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतकै औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, विशेष आर्थिक क्षेत्र प्राधिकरण र मन्त्रालय स्वयंबाटै कार्यान्वयन भइरहेको छ । एकै मन्त्रालय अन्तर्गत एकै प्रकृतिको कार्य सञ्चालन भइरहँदा त्यसले एकातिर एकै प्रकृतिको कार्यमा बजेट विनियोजन र सञ्चालनमा विभेद देखिन्छ भने अर्कातिर एकै प्रकृतिको कार्य विभिन्न निकायबाट हुँदा सेवाग्राही र जनतामा ती निकायबाट हुने कार्य प्रकृतिमा अन्योल सिर्जना हुनुका साथै सञ्चालन खर्च पनि बढिरहेको छ ।

सामान्यतया छिमेकी देशमा हेर्ने हो भने विशेष आर्थिक क्षेत्र, आर्थिक क्षेत्र तथा साना तथा मझौला उद्योग क्षेत्र हेर्ने गरी निकाय गठन गरिएको पाइन्छ जसको कार्य प्रकृति एकअर्कासँग मेल खाँदैन । भारतमा केन्द्र सरकार र प्रदेश सरकारका भिन्न निकाय छन् भने बंगलादेशमा निर्यातका लागिमात्र विशेष आर्थिक क्षेत्र, स्वदेशमा पनि खपत गर्न आर्थिक क्षेत्र तथा अन्य किसिमका उद्योगका लागि साना तथा मझौला उद्योग क्षेत्र हेर्ने निकाय छन् । यद्यपि, ती देशमा स्थापना भएका उद्योग देशभरि जहाँसुकै स्थापना भए पनि निर्यात गर्दा निर्यात बापत सुविधा पाउने व्यवस्था छ भने विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगले नितान्त निर्यातमात्र गर्नुपर्ने किसिमका प्रावधान पाइन्छ । यसरी हेर्दा नेपालको परिवेशमा जुन कुनै निकायमा स्थापना हुने उद्योग समान बजारमा प्रतिस्पर्धा गर्न सक्ने व्यवस्था छ । यद्यपि, विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगले केवल ३० प्रतिशत निर्यात गरे पुग्ने व्यवस्था छ ।

यस्तो अवस्थामा सरकारले नेपालजस्तो सानो औद्योगिक संरचना रहेको भूगोलमा एकै प्रकृतिको कार्य गर्न यसरी विभिन्न संरचना खडा गर्नुको सट्टा सबै संरचना गाभेर एउटै बनाउने र सोही संरचनाभित्रका विभिन्न इकाइ मार्फत विभिन्न कार्य सञ्चालन गर्न सकिन्छ । यसमा उद्योग मन्त्रालयबाटै सञ्चालन भइरहेको औद्योगिक ग्रामलाई पनि यसै संरचनामा समावेश गर्न सकिने वा त्यसलाई सरकारले औद्योगिक ग्राम घोषणा र निर्माणका लागि निश्चित मापदण्ड तयार गरी सोही अनुसार मात्र घोषणा, निर्माण र सञ्चालन गर्न सक्ने गरी स्थानीय तहलाई नै पूर्ण जिम्मेवार बनाउन सकिन्छ । यद्यपि, स्थानीय तहले वा औद्योगिक ग्राम निर्माण गर्न जग्गाप्राप्ति गर्ने कार्यमा नयाँ बन्ने एकीकृत संरचनाले सहजीकरण गरिदिनुपर्ने व्यवस्था गर्न सकिन्छ ।

त्यस्तै मन्त्रालय मार्फत पहुँच सडक वा विद्युत् प्रसारण लाइन निर्माण गरी निजी जमिनसम्म पूर्वाधार निर्माण नगरी त्यस किसिमका उद्योगलाई पनि औद्योगिक क्षेत्रभित्र स्थापना हुने र सञ्चालन हुने वातावरण निर्माण गर्नुपर्छ ।

### औद्योगिक पूर्वाधारमा लगानी प्राथमिकीकरण

सरकारको विशेषगरी पछिल्ला केही दशकमा औद्योगिक पूर्वाधारमा गरेको लगानीको पाना पल्टाउने हो भने अधिकांश बजेट पहुँच सडक, विद्युत् प्रसारण लाइन निर्माण, विशेष आर्थिक क्षेत्र संरचना, आंशिक रूपमा औद्योगिक क्षेत्रको जग्गाप्राप्ति र अध्ययन र औद्योगिक ग्रामको प्रतिफलविहीन संरचना निर्माणमा खर्च भएको पाइन्छ । यसरी छरिएर हुने लगानीमा आजसम्म अपेक्षित रूपमा न त कुनै पहुँच सडक र विद्युत् प्रसारण लाइन निर्माणले ठूलो उद्योग सञ्चालन भएका छन्, न कुनै विशेष आर्थिक क्षेत्रमा पूर्णरूपमा भौतिक संरचना निर्माण भएका छन्, न कुनै नयाँ औद्योगिक क्षेत्रको कार्य सुरु वा सम्पन्न भएको छ ।

यसरी छरिएर खर्च हुने बजेटलाई सरकारले एकीकृत गरी खानी पहुँच मार्ग वा पहुँचमार्ग तथा विद्युत् प्रसारण लाइन निर्माणमा निकै ठूलो लगानी लाग्ने अवस्था बाहेक अन्य उद्योगलाई उद्योग स्वयंले त्यस किसिमका संरचना निर्माण गर्ने र त्यसरी संरचना निर्माण गर्दा लागेको खर्च उद्योग सञ्चालनपछि तिर्ने कर वा उद्योगको मेसिन वा कच्चापदार्थ ल्याउँदा लाग्ने करमा समायोजन गर्न सकिन्छ । यसले सरकारको स-साना पूर्वाधार निर्माणमा सिर्जना हुने दायित्व घटाउँछ भने त्यस्ता पूर्वाधार निर्माण गर्न विनियोजन हुने बजेट दुरुपयोग हुनबाट पनि जोगाउँछ । त्यसैगरी औद्योगिक ग्राममा सरकारले लगानी नगर्ने तर निश्चित मापदण्ड तयार गरी सोही अनुसार स्थानीय तहलाई नै लगानीका लागि जिम्मेवार बनाउन जरुरी हुन्छ । कारणवश कुनै स्थानीय तहलाई औद्योगिक ग्रामका लागि बजेट आवश्यक भए उक्त बजेट स्थानीय तहलाई उपलब्ध गराइने समपूरक अनुदान वा ससर्त अनुदानमा समावेश गरेर दिन सकिने व्यवस्था गर्नुपर्छ ।

यसले औद्योगिक ग्रामका लागि विनियोजन हुने बजेट स्थानीय तहले अनावश्य बाटो खनेर वा जंगल वा भीरमा पर्खाल लगाएर सकाउने प्रवृत्ति रोक्छ । यसबाहेक विशेष आर्थिक क्षेत्र प्राधिकरण र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड गाभेर एउटै संरचना तयार गरी यस मार्फत यस्ता काम गर्न सकिन्छ :

- हाल सेज र औद्योगिक क्षेत्रमार्फत सञ्चालित औद्योगिक क्षेत्रभित्रको सेवा र सुविधा समान बनाउने ।
- देशका विभिन्न औद्योगिक क्षेत्र सञ्चालन हुन सक्ने स्थानमा ठूला औद्योगिक क्षेत्र निर्माण गरी असंगठित रूपमा रहेका उद्योगलाई त्यस्ता औद्योगिक क्षेत्रमा स्थापना हुने वातावरण निर्माण गर्ने ।
- देशका जुनसुकै स्थानमा सञ्चालन भएको उद्योगले आफ्नो उत्पादन निर्यात गरे हाल सेजमा उपलब्ध भइरहेको वा त्यसलाई संसोधन गरी तय हुने सुविधा उपलब्ध गराउने ।
- पहिलो लक्ष आयात प्रतिस्थापन गर्ने र निश्चित मात्रामा आयात प्रतिस्थापन पश्चात निर्यात प्रशोधन क्षेत्रका रूपमा भविष्यमा अझ थप सुविधा सहित भौतिक पूर्वाधार सहित निर्यात प्रशोधन केन्द्र सञ्चालन गर्ने ।

यसरी औद्योगिक पूर्वाधार निर्माण कार्यलाई पुनर्संरचना गरेको खण्डमा देशभित्र स्थापना हुने सबै उद्योगलाई सहज र समान अवसर उपलब्ध हुन सक्छ भने सरकार र सरकारका निकाय मार्फत औद्योगिक पूर्वाधारमा हुने लगानीको सही र समयमै प्रतिफल प्राप्त हुन सक्छ ।

*(लेखक ओली औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रबन्धक हुन् ।)*
*स्रोत : अनलाइनखबर ।*


### मकवानपुरका ३ पालिकामा करसेवा विस्तार

# असार १५ भित्र सबै स्थानीय तहमा विस्तार गरिने

बसन्त भण्डारी

हेटौंडा : मकवानपुर जिल्लाका स्थानीय तहबाटै स्थायी लेखा नम्बर (प्यान) दर्तासहितका आधारभूत करदाता सेवा विस्तार गरिएको छ। आन्तरिक राजस्व कार्यालय हेटौंडाले नेपाल सरकारको कर सेवा पहुँच विस्तार नीतिअनुसार पालिकाहरूसँग सहकार्य गर्दै सेवा स्थानीय तहसम्म विस्तार गरेको हो।

कार्यालयका अनुसार आगामी असार १५ गतेभित्र जिल्लाका सबै स्थानीय तहबाट सेवा सञ्चालन गर्ने लक्ष्य राखिएको छ। हाल मनहरी, बागमती र बकैया गाउँपालिकाबाट सेवा नियमित रूपमा सञ्चालनमा आइसकेको छ भने हेटौँडा उपमहानगरपालिका, भिमफेदी, कैलाश र मकवानपुरगढी गाउँपालिकासँग सेवा सञ्चालनका लागि सम्झौता सम्पन्न भइसकेको जनाइएको छ।


इन्द्रसरोवर गाउँपालिकासँग सम्झौताको पत्र आदानप्रदान गरिँदै। फाइल तस्वीर।

आन्तरिक राजस्व कार्यालय हेटौँडाका प्रमुख कर अधिकृत युक्तप्रसाद सुवेदीका अनुसार गत माघ महिनाबाट अभियान सुरु गरिएको हो। पहिलो चरणमा जिल्लाका टाढाका स्थानीय तहलाई प्राथमिकतामा राखेर सेवा विस्तार गरिएको उहाँले बताउनुभयो। 'नागरिकलाई कर कार्यालयसम्म धाउनुपर्ने बाध्यता हटाउन स्थानीय तहबाटै सेवा सुरु गरिएको हो', सुवेदीले भन्नुभयो, 'असार १५ भित्र सबै पालिकामा सेवा विस्तार गर्ने तयारी छ।' कार्यालयले स्थानीय तहसँग गरेको कार्यक्षेत्रगत सर्त (टीओआर) अनुसार पालिकाले व्यक्तिगत तथा व्यावसायिक प्यान जारी गर्ने, व्यक्तिगत प्यानलाई व्यावसायिकमा रूपान्तरण गर्ने, दर्ता विवरण संशोधन गर्ने तथा करदाताको अभिलेख तयार गर्ने काम गर्नेछन्। यस्तै, मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता, आयकरबाट भ्याटमा रूपान्तरण, करचुक्ता प्रमाणपत्र जारी गर्ने तथा कार्यालय स्थानान्तरणसम्बन्धी सेवा पालिकाले अनलाइन प्रणालीमार्फत आन्तरिक राजस्व कार्यालयमा सिफारिस गर्नेछन्। त्यसपछि राजस्व कार्यालयले प्रणालीबाट प्रमाणीकरण गरेपछि सेवाग्राहीको काम स्थानीय तहबाटै सम्पन्न हुने व्यवस्था गरिएको छ।

यसअघि राक्सिराङ, कैलाशलगायत विकट क्षेत्रका नागरिक सामान्य प्यान दर्ता वा करचुक्ता प्रमाणपत्र लिन हेटौँडासम्म आउनुपर्ने अवस्था थियो। नयाँ व्यवस्थासँगै नागरिकको समय र खर्च दुवै बचत हुने प्रमुख करअधिकृत सुवेदीले बताउनुभयो। उहाँका अनुसार सेवा सञ्चालनका लागि पालिकाहरूमा बायोमेट्रिक मेसिनलगायत आवश्यक प्राविधिक पूर्वाधार तयारी गरिएको छ भने कर्मचारीलाई कर कार्यालयमै राखेर प्रणाली सञ्चालनसम्बन्धी तालिमसमेत प्रदान गरिएको छ।

जिल्लामा पहिलो सेवा सुरु गरेको पालिका मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले पालिकाबाटै सेवा सुरु भएपछि सेवाग्राहीलाई सहजता भएको बताउनुभयो। 'आफ्नै घर आँगनमा प्यान दर्ता सुविधा हुँदा नागरिकलाई धेरै राहत भएको छ', उहाँले भन्नुभयो, 'पालिकालाई पनि नयाँ व्यवसायलाई करको दायरामा ल्याउन सजिलो भएको छ।' संघीय सरकार अन्तर्गतको आन्तरिक राजस्व कार्यालय र स्थानीय तहबीचको सहकार्यलाई सकारात्मक रूपमा लिँदै उहाँले समन्वयमार्फत सेवा विस्तार गरिएको जानकारी दिनुभयो।

यता बकैया गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछानेले पनि स्थानीय तहबाट सेवा सुरु भएपछि नागरिकलाई ठूलो सहजता भएको बताउनुभयो। 'पहिले प्यान लिन कर कार्यालय जाँदा एक दिनको समय र खर्च छुट्टै लाग्थ्यो, अहिले आफ्नै पालिकामा सेवा पाइँदा नागरिक ढुक्क भएका छन्', उहाँले भन्नुभयो। स्थानीय तहबाट सेवा सुरु भएसँगै साना व्यवसायीलाई करको दायरामा ल्याउन पनि सहज भएको उहाँको भनाइ छ। 'हामी विस्तारै सबै पसल र व्यवसायीलाई आन्तरिक राजस्वमा दर्ता गराउन प्रयास गरिरहेका छौं', अध्यक्ष लामिछानेले बताउनुभयो। उहाँले कर तिर्ने संस्कारले राज्य र नागरिक दुवैलाई फाइदा पुग्ने भएकाले व्यवसायीलाई दर्ता प्रक्रियामा आउन आग्रहसमेत गर्नुभयो।

गत कात्तिक १७ गते सुशीला कार्कीको मन्त्रिपरिषद्ले कर सेवा स्थानीय तहबाटै सञ्चालन गर्ने निर्णय गरेपछि कार्यक्रमको तयारी सुरु गरिएको थियो। त्यसपछि बालेन्द्र शाह नेतृत्वको सरकारले १०० दिनभित्र १०० पालिकामा करसेवा विस्तार गर्ने लक्ष्य सार्वजनिक गरेसँगै कार्यक्रमलाई तीव्रता दिइएको कार्यालयले जनाएको छ। अर्को चरणमा राक्सिराङ, इन्द्रसरोवर गाउँपालिका र थाहा नगरपालिकामा सेवा विस्तार गर्ने तयारी भइरहेको जनाइएको छ।

कर सेवा सुरु भएपछि स्थानीय तहबाट प्रदान गरिने प्यान कार्डमा सम्बन्धित पालिकाको नामसमेत उल्लेख हुने व्यवस्था गरिएको छ। यसअघि जारी हुने प्यान कार्डमा स्थानीय तहको नाम उल्लेख गरिँदैनथ्यो। यद्यपि राजस्वसम्बन्धी अनुगमन, उजुरी, करछली अनुसन्धान, करदाता शिक्षा तथा मूल्य अभिवृद्धि कर दर्ताअघि गरिने मूल्याङ्कनजस्ता काममा भने आन्तरिक राजस्व कार्यालयकै नेतृत्व रहने व्यवस्था गरिएको छ। प्रमुख कर अधिकृत सुवेदीले स्थानीय तहबाट सेवा विस्तार भएपछि कर प्रशासन थप नागरिकमैत्री बन्ने विश्वास व्यक्त गर्नुभयो। स्थानीय तहहरूले पनि संघीय कर प्रणालीसँग प्रत्यक्ष सहकार्य गर्न पाउँदा उत्साह देखाएको उहाँको भनाइ छ। उहाँले मकवानपुरका सबै स्थानीय तहबाट कर सेवा प्रवाह गर्ने पहिलो जिल्ला बन्ने लक्ष्यसहित काम भइरहेको बताउनुभयो।

# म्यानेजमेन्टमा कक्षा-११ शिक्षाशास्त्रमा निशूल्क कार्यक्रमलाई निरन्तरता

समाज संवाददाता

हेटौंडा : हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टले कक्षा-११ मा शिक्षाशास्त्र संकायमा निशूल्क पठनपाठनको कार्यक्रमलाई निरन्तरता दिने भएको छ। सोमबार पत्रकार सम्मेलन गरेर यस वर्ष पनि शिक्षाशास्त्र संकायमा कक्षा-११ मा निशूल्क कार्यक्रम निरन्तर जारी राखिएको जनाएको छ।

दक्ष शिक्षक उत्पादन गर्ने गरी गत वर्षबाट म्यानेजमेन्टले कक्षा-११ मा निशूल्क कार्यक्रम सञ्चालन गरेको हो। गत वर्ष अंग्रेजी र गणित विषयमा ९/९ जना र नेपालीमा ४ जना विद्यार्थी अध्ययनरत छन्। शिक्षा क्षेत्रमा दक्ष जनशक्तिको अभाव देखिएपछि गत वर्षबाट म्यानेजमेन्टले नवोदय शिशु सदन, नवोदय इनोभेसन सेन्टरसँगको सहकार्यमा नेपाली, गणित र अंग्रेजी मूल विषय अध्ययन गर्ने १०/१० जना गरी कुल ३० जनालाई निशूल्क पठनपाठनको अवसर मिलाएको थियो। यद्यपि विद्यार्थीको उपस्थिति भने कोटा भन्दा कम भएको थियो।

यस वर्ष पनि ३० जना विद्यार्थीलाई निशूल्क पढाउने


शिक्षाशास्त्र संकायमा निशूल्क शैक्षिक कार्यक्रमबारे पत्रकार सम्मेलनमा जानकारी गराउनुहुँदै प्रिन्सिपल पुरनबहादुर जोशी।

म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशीले जानकारी दिनुभयो। म्यानेजमेन्टले आगामी वर्षदेखि स्नातक तहमा पनि शिक्षाशास्त्र संकायमा निशूल्क कार्यक्रम सञ्चालन गर्ने जनाइएको छ। हेटौँडा स्कूल अफ म्यानेजमेन्टको शिक्षाशास्त्र संकायकी संयोजक रमिता दर्लामीले शिक्षाशास्त्रको पठनपाठन प्रभावकारी र लक्ष्यअनुसार नै भइरहेको जानकारी दिनुभयो। नवोदय शिशु सदनलाई ल्याव स्कूलको रुपमा प्रयोग गरेको निशूल्क पठनपाठन कार्यक्रमसँगै म्यानेजमेन्टले विद्यार्थीलाई नवोदयको शिक्षक तालिममा पनि सहभागी गराउने गरेको छ। जिल्लाबाहिर हुने शिक्षासम्बन्धी कार्यशाला गोष्ठी र सम्मेलनमा पनि विद्यार्थीको सहभागिता रहने गरेको दर्लामीले जानकारी दिनुभयो। गत वर्ष कक्षा-११ मा भर्ना भएर अध्ययनरत गरेका विद्यार्थीलाई आवश्यकता अनुसार भाषा, प्रस्तुती जस्ता क्षमता विकासका अन्य क्रियाकलाप गरिएको बताइएको छ।

हेटौँडा स्कूल अफ म्यानेजमेन्टका योजना तथा विकास निर्देशक दिपेश जोशीले निशूल्क शिक्षा कार्यक्रमबाट सन्तुष्ट रहेको उल्लेख गर्नुहुँदै गत वर्ष ११ कक्षामा भर्ना भएका विद्यार्थीले कक्षा-१२ को शिक्षा पूरा गरेपछि थप सुधार र नयाँ रणनीति बनाउने बताउनुभयो। आजको समयअनुकुल नयाँ शैक्षिक शैलीको अभ्यास गर्न नयाँ शैलीमै शिक्षक तयार गर्ने प्रयासस्वरुप निशूल्क शिक्षाको कार्यक्रम ल्याएको उहाँको भनाइ थियो। गत वर्ष ११ कक्षामा भर्ना भई अध्ययनरत अक्शा कार्कीले पढाई सुरु गरेको ३ महिनामै पूर्वप्राथमिक तहको कक्षा सम्हाल्न सक्ने आत्मविश्वास र सीप आर्जन गरेको बताउनुभयो। परम्परागत शैलीमा नभई विद्यार्थीबीचमै अभ्यास, खोज र समस्या समाधानको शैलीमा कक्षा सञ्चालन गर्न सक्षम भएको कार्कीको भनाइ थियो।

# चण्डिका माविले उपचारात्मक कक्षा सञ्चालन गर्ने

समाज संवाददाता

हेटौँडा : मकवानपुरगढी गाउँपालिका-२ स्थित चण्डिका माध्यमिक विद्यालयले कक्षा १ देखि ८ सम्म उपचारात्मक कक्षा सञ्चालन गर्ने भएको छ। विद्यालयका प्रधानाध्यापक कमल फुयालका अनुसार विद्यार्थीको शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले उपचारात्मक कक्षा सञ्चालन गर्न लागिएको हो।

विगतका वर्षहरूमा माथिल्ला कक्षामा बढी ध्यान दिइएको भए पनि यस वर्षदेखि तल्लो तहका कक्षालाई प्राथमिकतामा राखेर अघि बढ्ने प्रधानाध्यापक फुयालले बताउनुभयो। उहाँले पूर्वप्राथमिक तहदेखि नै शिक्षण प्रणालीलाई प्रभावकारी बनाउँदै लैजाने योजना रहेको बताउनुभयो। विद्यालयले कक्षा १ देखि ८ सम्म पढाइ हुने स्थानीय विषय हटाएर त्यसको सट्टा उपचारात्मक कार्यक्रमअन्तर्गत अनिवार्य गणित विषयको पठनपाठन गराउने निर्णय गरेको छ। स्थानीय विषयका धेरै विषयवस्तु सामाजिक अध्ययनसँग मिल्दोजुल्दो भएकाले त्यसलाई हटाएर उपचारात्मक कक्षा सञ्चालन गर्न लागिएको प्रधानाध्यापक फुयालले बताउनुभयो। विद्यार्थीहरु बढी गणित विषयमा कमजोर रहेकाले कक्षा सञ्चालन गर्न लागिएको हो।

विद्यालयको योजनाअनुसार कक्षा १ देखि ३ सम्म गणित, कक्षा ४ र ५ मा अनिवार्य अंग्रेजी र गणित, कक्षा ६ र ७ मा कम्प्युटर तथा कक्षा ८ मा अतिरिक्त गणितको उपचारात्मक कक्षा सञ्चालन गरिनेछ। शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयले पहिलो घण्टीका शिक्षकलाई कक्षाको जिम्मेवार शिक्षक बनाउने, इसिडी तहका लागि आफ्नै पाठ्यक्रम निर्माण गर्ने, दैनिक उपचारात्मक कक्षा सञ्चालन गर्ने, विद्यालय पोशाक र अनुशासनलाई कडाइका साथ लागू गर्ने तथा कक्षा खाली हुन नदिने नीति अवलम्बन गरेको छ। इसिडीमा थप दुई शिक्षकको व्यवस्था, अभिभावकसँग नियमित अन्तरक्रिया तथा पाठ्यक्रमअनुसार कक्षा सञ्चालन योजना बनाइएको विद्यालयले जनाएको छ।

विद्यालयमा पर्याप्त खानेपानी र शौचालयको सुविधा रहेको तथा माथिल्ला कक्षामा प्रोजेक्टरमार्फत पठनपाठन भइरहेको जानकारी पनि विद्यालय प्रशासनले दिएको छ। विद्यालय भवन र डेस्क-बेन्चको अभावका कारण कहिलेकाहीँ विज्ञान प्रयोगशाला र पुस्तकालयमा समेत कक्षा सञ्चालन गर्नुपर्ने अवस्था रहेको प्रधानाध्यापक फुयालले बताउनुभयो। उहाँका अनुसार विद्यार्थीप्रति अभिभावकहरूको चासो अपेक्षाकृत कम छ, जसका कारण शैक्षिक नतिजामा असर परेको छ। अभिभावकको सक्रिय सहभागिताले नतिजा सुधारमा महत्वपूर्ण योगदान पुग्ने भन्दै विद्यालयले कक्षा शिक्षकमार्फत ह्वाट्सएप समूह बनाएर गृहकार्य, पठनपाठन र अभिभावक भेलासम्बन्धी जानकारी साझा गर्ने योजना बनाएको उहाँले बताउनुभयो।

प्रधानाध्यापक फुयालले सरकारले घोषणा गरेको आइतबार बिदा व्यवस्थापन प्रभावकारी भएको बताउनु भएको छ। तर, मन्त्रालयले पाठ्यक्रम, पठन घण्टा तथा वार्षिक बिदा कति घटाउने भन्ने स्पष्ट जानकारी गराउनुपर्ने उहाँको भनाइ छ। प्रधानाध्यापक फुयालले आइतबार विद्यालय बन्द गर्ने निर्णयलाई सकारात्मक रूपमा लिँदै विगतमा पुस्तकरहित शुक्रबार (बुक फ्री फ्राइडे) मनाएर पढाउँदा र अहिले आइतबार बिदा दिँदा कुनै फरक नभएको उहाँको भनाइ छ।

उहाँले शिक्षा मन्त्रालयको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गर्दै विद्यालयमा वैशाख १५ गतेदेखि भर्ना अभियान सञ्चालन गरी २१ गतेबाट पठनपाठन सुरु गर्न आग्रह गरिएको भए पनि विद्यालय सञ्चालनबारे स्पष्ट निर्णय नआएको बताउनुभयो। मन्त्रालयको निर्णय ढिलो हुँदा स्थानीय तहले शैक्षिक क्यालेण्डर निर्माण गर्न नसकेको र शिक्षकहरूले कार्ययोजना बनाउन कठिनाइ भएको उहाँको भनाइ छ। तर, विद्यालयले ५ गतेबाट भर्ना अभियान सञ्चालन गरेर ७ गतेबाट पुस्तक वितरण गरेको थियो।

एसईईमा यस वर्ष ३० जना सहभागी भएकोमा १० जना (३३) प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन्। २०८१ सालमा ४५ जना सहभागी भएकोमा १५ प्रतिशतमात्रै विद्यार्थी ग्रेडेड भएका थिए। अघिल्लो वर्षको तुलनामा नतिजा केहि सुधार भए पनि चित्तबुझ्दो नभएको उहाँको भनाइ छ। कक्षा १० को नतिजा सुधारका लागि विद्यालयले यस वर्ष नियमित तालिका बनाएर पढ्न विद्यार्थीलाई अनुरोध गरेको छ। अभिभावकलाई त्यसतर्फ ध्यान दिन अनुरोध गरेको छ। विद्यालयले अतिरिक्त कक्षा आवश्यकताअनुसार सञ्चालन गर्ने योजना रहेको उहाँको भनाइ छ।

## डेंगु नियन्त्रण उपकरण हस्तान्तरण

समाज संवाददाता

हेटौँडा: नेपालमा तीव्र रूपमा फैलिरहेको डेंगु संक्रमण नियन्त्रणका लागि रोटरी क्लब अफ हेटौँडाले हेटौँडा उपमहानगरपालिका वडा नम्बर १० लाई डेंगु नियन्त्रणका लागि आवश्यक स्वास्थ्य उपकरणहरू हस्तान्तरण गरेको छ।

सोमबार एक कार्यक्रमका बीच रोटरी क्लबले वडा कार्यालयलाई फगर मेसिन, सुरक्षात्मक पोशाक (पीपीई) र स्प्रेइङ सेटहरू हस्तान्तरण गरेको हो। उपकरण हस्तान्तरणसँगै ती सामग्रीहरूको सही र प्रभावकारी प्रयोग बारे प्राविधिक अभिमुखीकरण समेत प्रदान गरिएको थियो। रोटरी क्लब अफ हेटौँडाले यसअघि वडा नम्बर ५, ६ र ८ मा यस्ता उपकरणहरू वितरण गरिसकेको छ। वडा नं. १० सहित अन्य वडाहरूमा पनि यी उपकरणहरू उपलब्ध गराउने क्लबको योजना रहेको छ, जसले डेंगु संक्रमित क्षेत्रहरूमा रोकथाम र नियन्त्रण कार्यलाई थप प्रभावकारी बनाउने विश्वास लिइएको छ।

हस्तान्तरण कार्यक्रममा रोटरी क्लबका अध्यक्ष प्रमेश प्रधानले डेंगु नियन्त्रणका लागि उपकरण मात्र नभई समुदायको सक्रिय भूमिका महत्वपूर्ण हुने बताउनुभयो। घर घरमा सफाइ गर्ने, टायर, ड्रम र भाँडाकुँडामा पानी जम्न नदिने तथा लामखुट्टेको प्रजनन स्थल नष्ट गर्ने कार्यलाई निरन्तरता दिनु आवश्यक रहेको उहाँको भनाइ छ। उपकरण हस्तान्तरण कार्यक्रममा रोटरी क्लब अफ हेटौँडाका पूर्व अध्यक्षहरू, पदाधिकारीहरू तथा वडा कार्यालयका कर्मचारीहरूको उपस्थिति रहेको थियो। रोटरी क्लबले सामाजिक उत्तरदायित्व अन्तर्गत स्वास्थ्य र सरसफाइका क्षेत्रमा निरन्तर काम गर्दै आइरहेको छ।

## शाखा प्रवन्धकलाई तालिम

समाज संवाददाता

हेटौँडा : नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालयको आयोजनामा ईलाका कार्यालय हेटौँडा र पोखरा अन्तर्गतका शाखा प्रबन्धकहरूका लागि धितो कर्जा सम्बन्धी एक दिने तालिम सम्पन्न भएको छ। हेटौँडा-५ स्थित रिगल रिर्सोटमा सोमबार तालिम सम्पन्न भएको हो।

तालिममा हेटौँडा र पोखरा इलाका अन्तर्गतका २२ जना शाखा प्रवन्धकहरूको सहभागिता रहेको थियो। तालिम कार्यक्रममा नेपाल भ्यालुअर्स एसोसिएसनका उपाध्यक्ष ईन्जिनियर प्रज्ञान घिमिरे र महासचिव ईन्जिनियर अशोक सिलवालले सहजीकरण गर्नुभएको थियो। उहाँहरूले धितो मूल्यांकनका प्राविधिक पक्ष, धितो कर्जा लगानी गर्नुपूर्व अपनाउनुपर्ने प्रक्रियाहरू र सुरक्षित लगानीका लागि ध्यान दिनुपर्ने कानुनी तथा व्यवहारिक विषयमा विस्तृत रूपमा जानकारी गराउनुभएको थियो। यस्तै चुनौतीहरूका बारेमा सहभागीहरूबीच अन्तरक्रिया तथा छलफल समेत भएको थियो। कार्यक्रममा संस्थाका तालिम तथा मानव संसाधन प्रमुख वावुराम सुवेदी, कर्जा लगानी तथा जोखिम व्यवस्थापन विभाग प्रमुख मनिष चालिसे र इलाका प्रवन्धक सुशील रेग्मीले समसामयिक विषयहरूमा छलफल गर्नुभएको थियो।

# समर स्टीम एक्स्पो जेठको अन्तिम हप्तामा हुने

समाज संवाददाता

हेटौँडा: यस वर्षको समर स्टीम एक्स्पो जेठको अन्तिम हप्तामा हुने भएको छ। हेटौँडास्थित एस्ट्रोनोभा फाउण्डेसनद्वारा सञ्चालित अनुसन्धान तथा आविष्कार केन्द्रको आयोजनामा आगामी जेठ २५ र २६ गते 'समर स्टीम एक्स्पो २०८३' आयोजना हुने तय भएको हो।

नेपालका कुनाकाप्चामा रहेका प्रतिभालाई उजागर गर्ने र युवा विद्यार्थीहरूको वैज्ञानिक सोचलाई मञ्च प्रदान गर्ने उद्देश्यका साथ एक्स्पो आयोजना गर्न लागिएको फाउन्डेसनका व्यवस्थापकीय निर्देशक आयुष बस्नेतले जानकारी दिनुभयो। आफ्नो कार्यशालामा नयाँ प्रयोग गरिरहेका युवा विद्यार्थीहरूका लागि यो दुई दिने विज्ञान र इन्जिनियरिङ मेला एक महत्वपूर्ण अवसरको रूपमा रहने उहाँको भनाइ छ। विज्ञान शिक्षक संघ नेपाल मकवानपुर सहआयोजकको रुपमा रहेको यस कार्यक्रममा काठमाडौं विश्वविद्यालयको शिक्षा विद्यालय ज्ञान र अनुसन्धान साझेदारका रूपमा तथा इन्जिनियरिङ विद्यालय सहजकर्ता साझेदारका रूपमा जोडिएका छन्।

बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय र हेटौँडा उपमहानगरपालिकाद्वारा मान्यता प्राप्त यस संस्थाले नेपाली विद्यार्थीहरूमा रहेको प्रतिभालाई अन्तर्राष्ट्रिय स्तरसम्म पुर्‍याउने माध्यमको रूपमा कार्य गर्दै आएको छ। यो संस्था ताइवान अन्तर्राष्ट्रिय विज्ञान मेलामा नेपालको प्रतिनिधित्व गर्ने आधिकारिक संस्थासमेत हो, जसले विगत ३ वर्षदेखि निरन्तर नेपाली विद्यार्थीहरूलाई उक्त मेलामा पठाउँदै आएको छ।

एक्स्पोलाई राष्ट्रिय विज्ञान तथा इन्जिनियरिङ मेलाको अन्तिम तयारीको रूपमा हेरिएको आयोजकको भनाइ छ। एक्स्पोमा सहभागीले गणित, भौतिक विज्ञान, इन्जिनियरिङ, कम्प्युटर विज्ञान, चिकित्सा र वातावरण विज्ञानजस्ता १० वटा विधामा आफ्ना परियोजनाहरू प्रस्तुत गर्न सक्नेछन्। यस प्रतिस्पर्धामा कक्षा ६ देखि १२ सम्म अध्ययनरत वा स्नातक तहको पहिलो वर्षमा रहेका १९ वर्ष मुनिका विद्यार्थीहरू सहभागी हुन पाउनेछन्। टोलीमा बढीमा तीन जना सदस्य हुन सक्ने र एक टोलीले एउटा मात्र परियोजना पेश गर्न पाउने प्रावधान राखिएको छ।

प्रतियोगितामा सहभागी हुनका लागि दर्ता प्रक्रिया सुरु भइसकेको र अन्तिम समयसीमा जेठ १८ सम्म तोकिएको छ। जेठ ९ गतेभित्र दर्ता गर्ने विद्यार्थीका लागि १ हजार रुपैयाँ र त्यसपछि दर्ता गर्नेका लागि १ हजार ५ सय रुपैयाँ शुल्क निर्धारण गरिएको छ। विद्यालयहरूले आफ्नो पहिलो परियोजना निःशुल्क दर्ता गराउन सक्ने व्यवस्था गरिएको छ भने स्टीम क्याम्पका सहभागीहरूलाई विशेष सहुलियत दिइएको छ। संस्थाले हेटौँडा-५, लट्टीनाथमार्गस्थित फाउण्डेसनकै परिसरमा बैशाख ९ गतेदेखि ४५ दिने क्याम्पसमेत सञ्चालन गरेको छ। खाना, खाजा, स्टल व्यवस्थापन खर्च सबै आयोजकले व्यहोर्नेछ।

छनोट भएका फाइनलिस्टहरूका लागि जेठ १९ र २० गते अनलाइन पोस्टर बनाउने कार्यशाला समेत सञ्चालन गरिनेछ, जसले उनीहरूको प्रस्तुतिलाई थप व्यावसायिक बनाउन मद्दत गर्ने आयोजकले जनाएको छ। प्रतियोगिताका विजेताहरूका लागि ५ हजार रुपैयाँदेखि १५ हजार रुपैयाँसम्मको नगद पुरस्कारका साथै प्रतिष्ठित 'युवा वैज्ञानिक पुरस्कार' को समेत व्यवस्था गरिएको छ। विगतका वर्षहरूमा एक सयभन्दा बढी सहभागी र ५ हजारभन्दा बढी दर्शकहरूको उपस्थिति रहेको एक्स्पोमा यस वर्ष अझै बढी सहभागिता रहने आयोजकले विश्वास लिएको छ।

## चेपाङका लागि...


नागरिकसरह जीवनयापनका लागि सक्षम बनाउन पालिकाले भूमिका निर्वाह गरेको छ। चेपाङका लागि निर्माण भइरहेको एकीकृत बस्ती राख्ने स्थानमा पालिकाले पानी, विद्युत्‌जस्ता आधारभूत सुविधासमेत पुर्‍याइसकेको उहाँले बताउनुभयो।

प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाका अनुसार आर्थिक वर्ष २०७५/७६ पछि संघ सरकारबाट जनता आवास कार्यक्रम प्रदेश सरकारमा हस्तान्तरण भएको हो। संघ सरकारबाट प्रदेशमा हस्तान्तरण भएपछि मात्रै पनि ७ सय ७ वटा आवासगृह निर्माण सम्पन्न गरि सकेको छ भने ९ सय ९ वटा घर परिवारसँग घर निर्माणको सम्झौता भई कार्यान्वयनको चरणमा रहेको छ। जसमध्ये ८ सय ८४ परिवारले पहिलो र दोश्रो किस्ता, ८ सय ७० घरपरिवारले तेश्रो किस्ता रकम बुझेर काम अघि बढिरहेको उहाँले बताउनुभयो।

सरकारले आफ्नो उत्तरदायित्वमात्र होइन, कसैको कोही छैन भन्नेका लागि प्रदेश सरकार छ भन्ने परिभाषालाई काम गरेरै जनताको मन जित्नेतर्फ उन्मुख रहेको उहाँले बताउनुभयो। प्रदेश सरकारले विकास निर्माणलाई उत्पादनमुखी बनाउने गरी नागरिकहरुसँग जोड्ने प्रयत्न गरेको उहाँले बताउनुभयो।

'परम्परागत र अनुत्पादक विकास मोडललाई परिवर्तन गरी एकीकृत बस्ती विकासमा जोड दिनुपर्छ। छरिएका योजना र साना आयोजनामा बजेट खर्चनुभन्दा रणनीतिक महत्वका क्षेत्रमा लगानी बढाउनु अहिलेको आवश्यकता हो', मन्त्री देवकोटाले भन्नुभयो- 'भूगोल र आवश्यकताका आधारमा विकासको नयाँ मोडलमा अघि बढ्नुपर्छ। एकीकृत विकास आयोजना निर्माण गरी कृषि, पर्यटन, पर्यावरणलाई जोडेर आयोजनाहरु बनाउनुपर्छ। नागरिकको आवश्यकताका आधारमा विकासका कामलाई केन्द्रित गर्नुपर्ने हुन्छ।'

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

### यु-१९ जिल्ला छनोट

# पटेल र महतोको उत्कृष्ट प्रदर्शन

समाज संवाददाता

हेटौँडाः मकवानपुर क्रिकेट संघको आयोजनामा जारी वाइवाइ यु-१९ जिल्लास्तरीय छनोट प्रतियोगितामा मकवानपुर खैरो टिमका कप्तान शिवशक्ति महतो र ब्याटर उज्ज्वल पटेलले शानदार प्रदर्शन गरेका छन् । सोमबार मकवानपुर हरियो टिम विरुद्धको अभ्यास खेलमा उत्कृष्ट प्रदर्शन गर्दै ओपनर ब्याटर पटेलले अविजित ९३ रन बनाए भने कप्तान महतोले ५ विकेट लिए ।

सोमबार हेटौँडा-४, हुप्रचौरमा भएको अभ्यास खेलमा खैरो टिमले हरियो टिमलाई ६ रनले पराजित गरेको छ। टस जितेर पहिला ब्याटिङ गरेको खैरो टिमले निर्धारित २५ ओभरमा ५ विकेट गुमाएर १ सय ६५ रन बनायो । खैरो टिमका उज्ज्वल पटेलले ९३ रन बनाउँदा कप्तान महतोले ३३ रन र ओशिम मियाले २१ रन बनाए ।

लक्ष्य पछ्याएको हरियो टिमले निर्धारित ओभरमा १० विकेट गुमाएर १ सय ५९ रन बनायो । हरियो टिमका करण अग्रवालले ३३ रन, महम्मद शाहिल अख्तारीले ३२ रन र सुमित यादवले २५ रन बनाए । बलिङतर्फ हरियो टिमका अनिल पाण्डेयले २ विकेट, महम्मद शाहिल अख्तारी र सौगात काफ्लेले समान १-१ विकेट लिए । खेलमा ५ विकेट लिएका खैरो टिमका कप्तान शिवशक्ति महतो प्लेयर अफ द म्याच घोषित भए ।

शनिबार मकवानपुर सुन्तला र पहेँलो टिमबिचको अभ्यास खेल स्थगित भएको थियो । जारी खेलमा पानी पर्न थालेपछि खेल स्थगित भएको हो । पहिलो पारीको खेल सकिँदा पानी परेको थियो । टस जितेर पहिला ब्याटिङ गरेको सुन्तला टिमले निर्धारित २५ ओभरमा ९ विकेट गुमाएर १ सय ३७ रन बनाएको थियो । सुन्तला टिमका निशान्त गहतराजले ३३ रन र अभिषेक पन्तले २८ रन बनाए । पहेँलो टिमका राजित थापाले ३ विकेट लिँदा जमल रैन र प्रन्जल पौडेलले समान २-२ विकेट लिए ।

# हेटौँडामा ऐतिहासिक 'तुछिमला भैरव प्याखँ' प्रदर्शन हुने

समाज संवाददाता

हेटौँडा : नेपाली मौलिक कला र संस्कृतिको झल्काउने ऐतिहासिक एवम् साँस्कृतिक 'तुछिमला भैरव प्याखँ' नाच हेटौँडामा प्रदर्शन गरिने भएको छ । नेप इभेन्ट्स इन्टरटेनमेन्टको आयोजनामा जेठ १५ गते नेवार समुदायको ऐतिहासिक एवम् साँस्कृतिक 'तुछिमला भैरव प्याखँ' प्रदर्शन गरिने भएको हो ।

'हेरिटेजको प्रतिध्वनि' नाराका साथ आयोजना गरिने उक्त कार्यक्रममा नेवार सप्रदायका विभिन्न कला समेत प्रदर्शन हुनेछ । कार्यक्रमकी संयोजक निलम वैद्यका अनुसार भक्तपुरको तुलाछें टोलबाट करिब ६०० वर्षअघि (मल्ल कालमा) सुरु भएको एवम् साँस्कृतिक 'तुछिमला भैरव प्याखँ' हेटौंडामा प्रदर्शन गरिने भएको हो । उक्त नाचको आफ्नै विशिष्ट पहिचानसहित नेवार समुदायको साँस्कृतिक तथा धार्मिक आस्था र सामुदायिक एकताको प्रतीकको रुपमा रहेको उनले बताइन् । देवी-देवताप्रति श्रद्धा प्रकट गर्न र समुदायमा शान्ति कायम गर्न उक्त नाच परम्परागत रुपमा नाचिँदै आएको उनले बताए । युवा पुस्तालाई संस्कृति जगेर्नामा प्रोत्साहन गर्न उक्त कार्यक्रम आयोजना गरिएको उनको भनाई छ ।

हेटौँडा-१ स्थित हिमालयन दरबार ब्यांक्वेटमा दिउँसो ४ बजेदेखि सुरु हुने उक्त कार्यक्रममा विभिन्न देवी-देवताका स्वरुपहरुको रोचक नृत्य प्रदर्शन हुनेछ । कार्यक्रममा भैरव, महाकाली, बाराही, कुमारी र महालक्ष्मी लगायतको नृत्य प्रर्दशन, खिचा प्याखँ, कवाँचा प्याखँ गरिने कार्यक्रम संयोजक वैद्यले बताइन् । उनका अनुसार, आधुनिकताको बढ्दो प्रभावसँगै हराउँदै गएका मौलिक संस्कृतिहरुलाई नयाँ पुस्तासम्म पुऱ्याउन र स्थानीय पर्यटन प्रवर्द्धन गर्न उक्त कार्यक्रम आयोजना गरिएको हो । उक्त कार्यक्रमले



पत्रकार सम्मेलनमा कार्यक्रम बारे जानकारी दिँदै आयोजक ।

भक्तपुर बाहिर ऐतिहासिक नाच प्रदर्शन हुनुले साँस्कृतिक आदानप्रदानमा ठूलो सहयोग पुग्ने अपेक्षा गरिएको छ । कार्यक्रमको अवलोकनका लागि प्रतिव्यक्ति टिकट दर एक हजार रुपैयाँ तोकिएको छ । कार्यक्रममा विभिन्न विधामा २५ जना बढीको नृत्य रहने छ भने बाध्यबादन सहित करिव १०० जनाले प्रस्तुति दिनेछन् ।

# प्रहरीद्वारा बैशाखमा ३७ किलो गाँजा नियन्त्रण

समाज संवाददाता

हेटौँडा : जिल्ला प्रहरी कार्यालय मकवानपुरले बैशाख महिनामा ३७ किलोग्राम गाँजासहित अन्य लागूऔषधसहित १३ जनालाई पक्राउ गरेको छ । सोमबार कार्यालयले बैशाख महिनाको प्रगति विवरण सार्वजनिक गरेको छ । मकवानपुर प्रहरीका अनुसार गाँजासहित खैरो हेरोइन ४ ग्राम ९० मिलिग्राम तथा अफिम १६ ग्राम ३ मिलिग्राम र ट्रामाडोल ३० पिस नियन्त्रणमा लिएको छ । यसैगरी प्रहरीले वेवारिशे अवस्थामा २ वटा एक नाले भरुवा बन्दुक फेला पारेको जनाएको छ ।

यसअघि बेशाख ८ गते राक्सिराङ-४ स्थित मानछाप जंगलमा एउटा एक नाले भरुवा बन्दुक र बैशाख २६ गते भिमफेदी-९, अघोर सामुदायिक वनभित्र वेवारिशे रुपमा एउटा एक नाले बन्दुक फेला पारेको निमित्त प्रवक्ता प्रहरी निरीक्षक राजु प्रसाद कुर्मीले जानकारी दिनुभयो । यस अवधिमा प्राकृतिक सम्पदा दोहन गर्दै गरेको अवस्थामा ६ वटा टिपर तथा ट्रयाक्टरहरुलाई नियन्त्रणमा लिई कारबाही गरेको जनाएको छ। यस अवधिमा प्रहरीले चालु मुद्दाका १ सय ५ जना फरार प्रतिवादीहरु पक्राउ गरेको जनाएको छ ।

यस्तै बैशाख महिनामा ३० वटा सवारी दुर्घटनामा परी ४ जनाको मृत्यु भएको जनाएको छ । सवारी दुर्घटनामा ४९ वटा सवारी साधनहरु प्रभावित भएको र ५३ जना घाइते भएको समेत प्रहरीले जनाएको छ । यस्तै एक महिनामा २ हजार १ सय ७५ वटा सवारी साधनहरुलाई कारबाही गरि २० लाख ६१ हजार रुपैयाँ राजश्व असुल गरेको छ ।

बैशाख महिनामा जिल्ला प्रहरीमा परेका उजुरीहरुमध्ये घरेलु हिंसामा २५ वटा उजुरी परेकोमा १३ वटामा मिलापत्र भइसकेको र ५ वटा उजुरीहरु अदालतमा पठाएको पनि जिल्ला प्रहरी कार्यालयले उल्लेख गरेको छ । २५ महिला, ८ पुरुष र १० जना बालबालिका हराएको उजुरी परेको थियो । यस अवधिमा झुन्डिएर ८ जना र विष सेवनबाट ३ जनाले आत्महत्या गरेको जनाइएको छ । यि मध्ये २ जना १८ बर्षमुनिका बालिकाहरु रहेको प्रहरीले स्पष्ट पारेको छ । यस्तै बैशाख महिनामा बैकिङ कसुरमा १३ वटा र लागूऔषधमा १३ वटा उजुरी परेको छ । अभद्र व्यवहारमा ३८ वटा, जबरजस्ती करणीको ५ वटा , ज्यान मार्ने उद्योगमा ३ वटा उजुरी परेका थिए । यस्तै सवारी ज्यान अन्तर्गत ४ जना नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । प्रहरीले विभिन्न अपराधिक क्रियाकलाप बिरुद्ध ४६ वटा जनचेतनामुलक कार्यक्रमहरु आयोजना गरी १ हजार ६ सय ८७ जनालाई सहभागि गराइएको समेत जनाएको छ ।

# रुखबाट लडेर कमलाको मृत्यु

हेटौँडा : मकवानपुरको भीमफेदी गाउँपालिका-१, किसेडीमा रुखबाट लडेर एक महिलाको मृत्यु भएको छ ।

आइतबार बिहान ८ बजेको समयमा जंगलमा घाँस काट्ने क्रममा लडेर ४५ वर्षीया कमला स्याङ्तान गम्भीर घाइते भएकी थिइन् । कमलालाई आफन्त र स्थानीयले उपचारका लागि हेटौँडा अस्पताल ल्याएका थिए । चिकित्सकले आइतबार बिहान ९ बजे कमलाको मृत्यु भएको बताएको बागमती प्रदेश प्रहरीले जनाएको छ ।

### सिद्धार्थ माविद्वारा स्वर्ण महोत्सवको आय-व्यय सार्वजनिक

# ७ लाखभन्दा बढी बचत

समाज संवाददाता

हेटौँडा : हेटौँडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयले स्वर्ण जयन्ती महोत्सवको आय-व्यय सार्वजनिक गरेको छ । विद्यालयले सोमबार बिहान पत्रकार सम्मेलन गरेर गत पुस २४ गतेदेखि माघ ८ गतेसम्म आयोजना गरेको स्वर्ण महोत्सवको आर्थिक प्रतिवेदन सार्वजनिक गरेको हो । विद्यालयले सार्वजनिक गरेको विवरण अनुसार स्वर्ण महोत्सवबाट ७ लाख २१ हजार ३२ रुपैयाँ बचत भएको छ । महोत्सव सम्पन्न गर्न विभिन्न स्रोतबाट ४० लाख ३४ हजार १ सय ४० रुपैयाँ प्राप्त भएकोमा विविध शीर्षकमा ३३ लाख १३ हजार १ सय ८ रुपैयाँ खर्च भएको विद्यालयले जनाएको छ ।

आम्दानीतर्फ शिक्षक तथा कर्मचारीबाट ५ लाख ६ हजार रुपैयाँ, विज्ञापनबाट १२ लाख ९९ हजार रुपैयाँ र चन्दावापत २२ लाख २८ हजार रुपैयाँ संकलन भएको सिद्धार्थ माध्यमिक विद्यालयका प्रधानाध्यापक परमानन्द सरोज कर्णले जानकारी दिनुभयो । प्रधानाध्यापक कर्णका अनुसार केही संस्था तथा कार्यालयहरुबाट अझै २ लाख ३५ हजार रुपैयाँ उठ्न बाँकी रहेको छ । महोत्सवको अवसरमा विद्यालयलाई नगदका अतिरिक्त विभिन्न जिन्सी सामग्रीहरु समेत प्राप्त भएका छन् ।

वडाध्यक्ष विष्णुगोपाल महर्जनको संयोजकत्वमा ५०१ सदस्यीय मूल समारोह समिति गठन गरी स्वर्ण महोत्सव मनाइएको थियो । स्वर्ण महोत्सवको अवसरमा विद्यार्थीहरूका लागि विद्यालयमा आँखा तथा दन्त शिविर आयोजना गरिएको थियो। यस्तै, अन्तर माध्यमिक विद्यालयस्तरीय हाजिरीजवाफ रनिङशिल्ड प्रतियोगिता सञ्चालन गर्नुका साथै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, पूर्वविद्यार्थी, शिक्षक तथा कर्मचारीहरुलाई सम्मान गरिएको थियो । पत्रकार सम्मेलनमा बोल्दै वडाध्यक्ष महर्जनले वडा कार्यालयले कुल बजेटको करिब १२ प्रतिशत रकम विद्यालयको शैक्षिक सुधारका लागि छुट्याएको बताउनुभयो । शैक्षिक गुणस्तरलाई मध्यनजर गर्दै विद्यालयमा कार्यरत शिक्षकहरुले आफ्ना बालबालिकालाई अनिवार्य रूपमा सोही विद्यालयमा पढाउन निर्देशन दिइएको समेत उहाँले जानकारी दिनुभयो ।



आय-व्यय विवरण सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा वडाध्यक्ष महर्जन र प्रधानाध्यापक कर्ण ।

यसैगरी पत्रकार सम्मेलनमा प्रधानाध्यापक कर्णले मंगलबारदेखि आफ्नो अनिवार्य अवकाश हुन लागेको जानकारी गराउनुभयो । २०८० साल चैत ९ गतेदेखि विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्नुभएका कर्णले आफ्नो कार्यकालमा शैक्षिक नतिजामा निरन्तर सुधार आएको दावी गर्नुभयो । उहाँका अनुसार २०८० को एसईईमा ५१ प्रतिशत रहेको विद्यालयको नतिजा सुधार हुँदै २०८१ सालमा ६७ प्रतिशत र २०८२ मा ६८ दशमलव ७५ प्रतिशत पुगेको जानकारी दिनुभयो ।

# बकैयामा दुर्घटना, ४ जना घाइते


समाज संवाददाता

हेटौँडा : बकैयामा भ्यान र अटो ठोक्किएर दुर्घटना भएको छ । दुर्घटनामा अटो चालसहित तीन जना विद्यार्थी घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

मदन भण्डारी राजमार्गअन्तर्गत बागमती-३, जलजलेस्थित बकैया पुल नजिक सिन्धुलीबाट हेटौँडातर्फ जाँदै गरेको प्र २-०३-००१ ज २२० नम्बरको भ्यानले एक्कासी ब्रेक लगाउँदा सोही दिशा जलजलेतर्फबाट बालबालिकालाई लिई हात्तिसुडेतर्फ जाँदै गरेको बा प्र ०३-००१ स ४६४० नम्बरको अटो ठोकिएर दुर्घटना भएको हो ।

हेटौँडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
–थाईराईड
–क्यान्सर
–रक्तअल्पता
–वाथरोग
–बाँझोपन
–भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७
















समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email: sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ